९: नेपाल सरकार

**शान्ति तथा पुनर्निर्माण मन्त्रालय**

सिंहदरबार, काठमाडौं ।

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमहरुको केन्द्रिय अनुगमन कार्यपद्धति

२०६७ पौष

# विषय सूची


| | शिर्षक | पाना नं. |
|---|---|---|
| १. | पृष्ठभूमी | १ |
| २. | कार्यपद्धतिको उद्देश्य | २ |
| ३. | अनुगमन संरचना | २ |
| ४. | अनुगमनमा समेटिनुपर्ने विषयहरु | ३ |
| ५. | अनुगमन प्रकृया | ६ |
| ६. | **अनुसूचीहरु** | |
| | अनुसूची १ : राहत तथा क्षतिपूर्ति वितरण सम्बन्धी अनुगमन चेक्लिष्ट् | ९ |
| | अनुसूची २ : भौतिक पूर्वाधार पुनर्निर्माण सम्बन्धी अनुगमन चेक्लिष्ट् | ११ |
| | अनुसूची ३ : स्थानीय शान्ति समिति सम्बन्धी अनुगमन चेक्लिष्ट् | १४ |
| | अनुसूची ४ : शान्तिका लागि संचार अभियान सम्बन्धी अनुगमन चेक्लिष्ट् | १६ |
| | अनुसूची ५ : शान्ति कोषबाट संचालित कार्यक्रम सम्बन्धी अनुगमन चेक्लिष्ट् | १७ |
| | अनुसूची ६ : बारुदी सुरुङ् व्यवस्थापन सम्बन्धी अनुगमन चेक्लिष्ट् | १९ |
| | अनुसूची ७ : क्षेत्रिय वार्षिक अनुगमन कार्ययोजना तयार गर्ने ढाँचा | २१ |
| | अनुसूची ८ : पटके अनुगमन प्रतिवेदन तयार गर्ने ढाँचा | २२ |

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमहरुको केन्द्रिय अनुगमन कार्यपद्धति

## १. पृष्ठभूमी :

एक दशकभन्दा लामो अवधिसम्म भएको सशस्त्र द्वन्द्वपश्चात् २०६३ मंसिर ५ गते नेपाल सरकार र तत्कालिन ने.क.पा. माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौताले नेपालमा दीगो शान्तिको ढोका खोलेको छ । आजको संक्रमणकालिन परिस्थितिमा शान्ति प्रकृयालाई सहजीकरण गर्दै सफल तुल्याउन शान्ति तथा पुनर्निर्माण मन्त्रालयले विशेष जिम्मेवारी पाएको छ । द्वन्द्वपीडितहरुलाई राहत वितरण तथा तिनको पुनर्स्थापना, माओवादी सेनाका लडाकुहरुको भरणपोषण तथा अस्थायी शिविरको व्यवस्थापन, द्वन्द्वकालमा क्षति भएका सार्वजनिक संरचनाहरुको पुनर्निर्माण, संक्रमणकालिन न्याय, शान्ति संयन्त्रको स्थापना तथा सहजीकरण, वारुदी सुरुङहरुको व्यवस्थापन, शान्ति वार्ता एवं सम्झौता तथा स्रोत परिचालन जस्ता शान्ति प्रक्रियाका अत्यन्त महत्वपूर्ण एवं ऐतिहासिक कार्यभारहरु यस मन्त्रालयका प्रमुख जिम्मेवारीका रुपमा रहेका छन् ।

आफ्नै कार्यान्वयन निकायहरु नभएका कारण शान्ति तथा पुनर्निर्माण मन्त्रालयले आफूलाई प्राप्त जिम्मेवारीहरु विभिन्न मन्त्रालय, विभाग एवं जिल्लास्थित कार्यालयहरुमार्फत कार्यान्वयन गर्दै आएको छ । आफ्नो कार्यजिम्मेवारी निर्वाह गर्ने क्रममा मन्त्रालयले विभिन्न कार्यान्वयन निकायबीच समन्वय गर्नुका अतिरिक्त अनुगमन एवं मूल्यांकनमा विशेष जोड दिंदै आएको छ । स्थापनाकालदेखि विगत तीन वर्षको अवधिमा प्राप्त अनुभव अनुसार मन्त्रालयले गर्ने गरेको अनुगमनका कार्यमा समयोचित सुधार गर्नुपर्ने देखिएको छ । पर्याप्त अनुगमन नहुनु, तालिकाबद्ध रुपमा आर्थिक वर्षको शुरुदेखि नै अनुगमन नगरी अन्तिम महिनाहरुमा मात्र अनुगमन गरिनु, जिल्लागत अनुगमन गर्दा मन्त्रालयमार्फत संचालित सम्पूर्ण क्रियाकलापहरु नसमेटिनु, अनुगमनका लागि हुने खर्चका तुलनामा अपेक्षित उपलब्धी हासिल नहुनु, प्रतिवेदनमा विविधता भई एकमुष्ठ अनुगमन प्रतिवेदन तयारीमा कठिनाई हुनु, अनुगमनका क्रममा देखिएका समस्या समाधानका लागि पहल भए नभएको बारे ताकेता (follow-up) नहुनु यसतर्फका समस्या एवं चुनौतिका रुपमा रहेका छन् । यी समस्या एवं चुनौतिलाई सम्बोधन गरी अनुगमन एवं मूल्यांकन कार्यलाई प्रभावकारी बनाउन शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमहरुको केन्द्रिय अनुगमन कार्यपद्धति जारी गरिएको छ ।

## २. कार्यपद्धतिको उद्देश्य :

शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत संचालित कार्यक्रम/आयोजनाहरुको केन्द्रस्तरीय अनुगमन कार्यलाई प्रभावकारी बनाउनु नै यस कार्यपद्धतिको प्रमुख उद्देश्य रहेको छ । अन्य उद्देश्यहरु यसप्रकार रहेका छन् ।

- तालिकाबद्ध रुपमा आर्थिक वर्षको शुरुदेखि नै मन्त्रालय अन्तर्गत संचालित कार्यक्रम/आयोजनाहरुको विभिन्न चरणमा अनुगमन गर्नु,
- मन्त्रालय अन्तर्गत संचालित सम्पूर्ण कार्यक्रम/आयोजनाहरुलाई समेटी सघन रुपमा अनुगमन गर्नु,
- अनुगमन प्रतिवेदनमा एकरुपता ल्याउनु,
- अनुगमनका क्रममा देखिएका समस्याहरुको तत्कालै समाधान गरी कार्यक्रम/आयोजनालाई गुणस्तरीय, लागत प्रभावकारी एवं तोकिएको समयसीमाभित्रै सम्पन्न गर्न सहयोग पुर्‍याउनु ।

## ३. अनुगमन संरचना

यो कार्यपद्धति कार्यान्वयनका लागि निम्नानुसारको केन्द्रिय अनुगमन संरचना अवलम्बन गरिनेछ ।

- मन्त्रालयले प्रत्येक विकास क्षेत्रपिच्छे एकजना सह-सचिवलाई क्षेत्रिय अनुगमन संयोजक तोकी पाँचवटा क्षेत्रिय अनुगमन टोली गठन गर्नेछ । यस कार्यपद्धतिमा उल्लेखित विधि र प्रकृया अनुरुप आफूलाई तोकिएको विकास क्षेत्रको अनुगमन गर्ने/गराउने जिम्मेवारी सम्बन्धित क्षेत्रिय अनुगमन संयोजकको हुनेछ ।
- प्रत्येक क्षेत्रिय अनुगमन टोली अन्तर्गत सो क्षेत्रमा रहेका अंचलको संख्या बराबर संख्यामा उप-सचिव स्तरको कर्मचारी रहनेछन् । क्षेत्रिय अनुगमन संयोजकको निर्देशनमा रही प्रत्येक उप-सचिव स्तरका कर्मचारी उक्त क्षेत्रभित्र तोकिएको अंचलको अनुगमनका लागि जिम्मेवार हुनेछ ।
- प्रत्येक क्षेत्रिय अनुगमन टोली अन्तर्गत कम्तिमा एकजना इन्जिनियर तोकिनेछ । अनुगमनका लागि मन्त्रालयमा उपलब्ध इन्जिनियर संख्या अपुग भएमा सरोकारवाला कार्यान्वयन निकायका इन्जिनियरहरुमार्फत प्राविधिक कार्यको अनुगमन गरिनेछ ।
- क्षेत्रिय अनुगमन संयोजकले आवश्यकता अनुसार आफू मातहतका अन्य कर्मचारीलाई अनुगमनमा खटाउन सक्नेछ ।
- क्षेत्रिय अनुगमन संयोजकले आवश्यकता अनुसार राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, डोलिडार, शहरी विकास तथा भवन निर्माण विभागका प्रतिनिधि एवं स्थानीय शान्ति समितिका पदाधिकारीलाई अनुगमन टोलीमा आमन्त्रण गर्न सक्नेछ ।
- प्रत्येक अनुगमन टोलीमा सम्भव भएसम्म महिला सहभागिताका लागि प्राथमिकता दिनुपर्नेछ ।

## ४. अनुगमनमा समेटिनुपर्ने विषयहरु

क्षेत्रिय अनुगमन टोलीले आफ्नो क्षेत्र अन्तर्गतका जिल्लाहरुको अनुगमनमा निम्न विषयहरुलाई समेट्नुपर्नेछ ।

### ४.१. राहत तथा क्षतिपूर्ति वितरण सम्बन्धी कार्यहरु

यस अन्तर्गत शहिद परिवार, द्वन्द्वपीडित तथा तिनका परिवारलाई मन्त्रालयबाट उपलब्ध गराइँदै आएका राहत तथा क्षतिपूर्ति सम्बन्धी कार्यक्रमको प्रगति, समस्या एवं समाधानका उपायहरु समेट्नुपर्नेछ । राहत तथा क्षतिपूर्ति वितरण सम्बन्धी कार्यहरुको अनुगमन विवरण अनुसूची-१ बमोजिमको ढाँचामा भरी प्रतिवेदनमा संलग्न गर्नुपर्नेछ ।

### ४.२. भौतिक पूर्वाधार पुनर्निर्माण सम्बन्धी आयोजनाहरु

यस अन्तर्गत मन्त्रालयमार्फत विभिन्न कार्यान्वयन निकायहरु (जिविस, जिल्ला प्राविधिक कार्यालय, शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय) बाट संचालित भौतिक पूर्वाधार पुनर्निर्माण सम्बन्धी आयोजनाहरुको स्थलगत निरीक्षण समेत गरी तिनको भौतिक एवं वित्तिय प्रगति, गुणस्तर, समयतालिकाको पालना र समस्या लगायतका विषयमा अनुगमन गर्नुपर्नेछ । भौतिक पूर्वाधार पुनर्निर्माण सम्बन्धी आयोजनाहरुको अनुगमन विवरण अनुसूची-२ बमोजिमको ढाँचामा भरी प्रतिवेदनमा संलग्न गर्नुपर्नेछ ।

### ४.३. स्थानीय शान्ति समिति सम्बद्ध कार्यक्रम एवं कृयाकलापहरु

यस अन्तर्गत स्थानीय शान्ति समितिले सम्पादन गरेका कार्यक्रम एवं कृयाकलापको प्रगति स्थिति, शान्ति समितिको प्रभावकारीता, विवाद समाधान एवं शान्ति प्रबर्द्धनमा शान्ति समितिले खेलेको भूमिका, स्थानीय स्रोत परिचालन, गैससँग समन्वय, नमूना लायक असल अभ्यासहरु, समस्या एवं समाधानका उपायहरु समेट्नुपर्नेछ । स्थानीय शान्ति समितिसम्बद्ध कार्यक्रम एवं क्रियाकलापको अनुगमन विवरण अनुसूची-३ बमोजिमको ढाँचामा भरी प्रतिवदनमा संलग्न गर्नुपर्नेछ ।

### ४.४. शान्तिका लागि संचार अभियान सम्बन्धी गतिविधिहरु

यस अन्तर्गत मन्त्रालयबाट विभिन्न एफ्.एम्., रडियो, टिभी लगायतका संचारमाध्यममार्फत् संचालित शान्ति एवं सद्भाव प्रबर्धनात्मक कार्यक्रमहरुको प्रभावकारीता, नमूना लायक असल अभ्यास, समस्या

एवं समाधानका उपायहरु समेट्नुपर्नेछ । शान्तिका लागि संचार अभियान सम्बन्धी गतिविधिहरुको अनुगमन विवरण अनुसूची-४ बमोजिमको ढाँचाँमा भरी प्रतिवेदनमा संलग्न गर्नुपर्नेछ ।

### ४.५. शान्तिकोषमार्फत संचालित आयोजनाहरु

यस अन्तर्गत शान्तिकोषबाट संचालित कार्यक्रम/आयोजनाहरुको भौतिक एवं वित्तिय प्रगति, गुणस्तर, समयतालिका पालना, समस्या एवं समाधानका उपायहरु समेट्नुपर्नेछ । शान्तिकोषमार्फत संचालित आयोजनाहरुको अनुगमन विवरण अनुसूची-५ बमोजिमको ढाँचामा भरी प्रतिवेदनमा संलग्न गर्नुपर्नेछ ।

### ४.६. बारुदी सुरुङ्ग व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु

यस अन्तर्गत मन्त्रालयबाट संचालित बारुदी सुरुङ्ग जोखिमसम्बन्धी शिक्षा (Mine Risk Education) कार्यक्रमको प्रगति, समस्या एवं समस्या समाधानका उपायहरु समेट्नुपर्नेछ । बारुदी सुरुङ व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुको अनुगमन विवरण अनसूची-६ बमोजिमको ढाँचामा भरी प्रतिवेदनमा संलग्न गर्नुपर्नेछ ।

### ४.७ अन्य नियकाबाट कार्यान्वयन भइरहेका शान्ति प्रबर्द्धन सम्बन्धी विषयहरु

अनुगमन टोलीले जिल्ला तथा गाउँ स्तरमा सरकारी संयन्त्रका अलावा अन्य गैसस, सामुदायिक संस्था, राजनैतिक दल एवं तिनका भातृ संगठन, नागरिक समाज आदिले शान्ति प्रबर्द्धनका लागि खेलेका भूमिका एवं गरेका क्रियाकलापहरुबारे अध्ययन गरी प्रतिवेदन गर्न सक्नेछ ।

अनुगमनमा समेटिनुपर्ने विषयहरुको सारसंक्षेप तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १ अनुगमनमा समेटिनुपर्ने विषयहरु

| क्र.सं. | कार्यक्रम/आयोजनाहरु | अनुगमन गर्नुपर्ने मुख्य-मुख्य संभागहरु | अनुगमनको ढाँचा |
|---|---|---|---|
| १. | राहत तथा क्षतिपूर्ति वितरण | • प्रगति<br>• समस्या एवं चुनौती | अनुसूची- १ बमोजिम |
| २. | भौतिक पूर्वाधार पुनर्निर्माण | • वित्तिय तथा भौतिक प्रगति<br>• गुणस्तर<br>• समयपालना<br>• समस्या<br>• समस्या समाधानका उपायहरु | अनुसूची- २ बमोजिम |
| ३. | स्थानीय शान्ति समिति | • कार्यक्रमको प्रगति<br>• समितिको प्रभावकारीता<br>• असल अभ्यासहरु<br>• समस्या<br>• समस्या समाधानका उपायहरु | अनुसूची- ३ बमोजिम |
| ४. | शान्तिका लागि संचार अभियान | • कार्यक्रमको प्रभावकारीता<br>• असल अभ्यासहरु<br>• समस्या<br>• समस्या समाधानका उपायहरु | अनुसूची- ४ बमोजिम |
| ५. | शान्तिकोषबाट संचालित कार्यक्रम | • वित्तिय एवं भौतिक प्रगति<br>• गुणस्तर<br>• समस्या<br>• समस्या समाधानका उपायहरु | अनुसूची- ५ बमोजिम |
| ६. | बारुदी सुरुङ् व्यवस्थापन | • प्रगति<br>• समस्या<br>• समस्या समाधानका उपायहरु | अनुसूची- ६ बमोजिम |
| ७. | अन्य गतिविधिहरु | • असल अभ्यासहरु | |

## ५. अनुगमन प्रकृया

मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमहरुको केन्द्रिय अनुगमन गर्दा निम्न प्रकृया अवलम्बन गरिनेछ ।

### ५.१. अनुगमन टोली गठन

मन्त्रालयले आर्थिक वर्षको पहिलो चौमासिक अवधिभित्र यस कार्यपद्धितिको बूँदा ३ मा उल्लेख भए बमोजिमको क्षेत्रिय अनुगमन टोली गठन गरी जिम्मेवारी तोक्नेछ ।

### ५.२. वार्षिक अनुगमन तालिका तयारी

- प्रत्येक क्षेत्रिय अनुगमन टोलीले सम्भव भएसम्म सबै जिल्लालाई समेटी अनुसूची- ७ अनुसार वार्षिक कार्ययोजना तयार गर्नुपर्नेछ । सबै जिल्ला समेट्न सम्भव नभएमा हिमाल, पहाड र तराई तीनवटै भौगोलिक क्षेत्र समेट्ने गरी जिल्ला छनौट गर्नुपर्नेछ ।
- सबै क्षेत्रिय अनुगमन टोलीको वार्षिक कार्यतालिका संकलन गरी मन्त्रालयको समष्टीगत वार्षिक अनुगमन तालिका तयार गर्ने जिम्मेवारी प्रशासन, योजना तथा वै.स.स. महाशाखाको हुनेछ ।

### ५.३. जिल्लामा सूचना प्रवाह

- अनुगमन टोली जिल्लामा खटिई जानुभन्दा एक हप्ता अगाडि नै अनुगमनका क्रममा गरिने गतिविधि एवं समयसार समेत जिल्ला प्रशासन कार्यालय, स्थानीय शान्ति समितिको सचिवालय लगायत सम्बद्ध निकायहरुलाई जानकारी गराउनु पर्नेछ ।
- अनुगमन सम्बन्धी सूचना प्रवाहका लागि स्थानीय शान्ति समितिको सचिवालयको सचिवले सम्पर्क सूत्र (focal point) को भूमिका निर्वाह गर्नेछ ।

### ५.४. अनुगमन कार्य

अनुगमन टोलीले जिल्लाको आवश्यकता एवं अवस्था हेरी निम्न अनुगमन विधि अपनाउन सक्नेछ ।

क) जिल्लास्तरीय अन्तरक्रिया :

- जिल्ला स्तरमा गरिने अन्तरक्रियाको सहजीकरण स्थानीय शान्ति समितिको सचिवालयको सचिवले गर्नेछ ।

- अन्तरक्रियामा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको कार्यक्रम कार्यान्वयन गर्ने वा सो मा सहयोग पुऱ्याउने जिल्लास्थित सरकारी कार्यालयका प्रमुख/प्रतिनिधि, सुरक्षा निकायका प्रमुख/प्रतिनिधि, स्थानीय शान्ति समितिका पदाधिकारी, द्वन्द्व प्रभावित व्यक्ति वा परिवारका सदस्य, राजनैतिक दल एवं नागरिक समाजका प्रतिनिधिलाई सहभागी गराउनुपर्नेछ ।

ख) स्थलगत निरीक्षण :

- अनुगमन टोलीले सकेसम्म धेरै आयोजनाहरु समेट्ने गरी पुनर्निर्माण सम्बन्धी आयोजनाहरुको स्थलगत निरीक्षण गर्नुपर्नेछ ।

ग) लाभग्राहीहरुसँग अन्तरक्रिया

- कार्यक्रमको प्रभावकारीताबारे बुझ्न यो विधि उपयुक्त हुने हुँदा राहत वितरण, पुनर्निर्माण, संचार अभियान जस्ता कार्यक्रम सम्बन्धमा लाभग्राहीसँग अन्तरक्रिया गरी कार्यक्रमप्रति उनीहरुको अवधारणा के रहेछ भनी जानकारी हासिल गर्न सकिनेछ ।

घ) अभिलेख अध्ययन

- अनुगमन टोलीले सम्बद्ध निकायहरुमा रहेका अभिलेखहरु अध्ययन गरी आवश्यक सूचना संकलन गर्न सक्नेछ ।
- अनुगमन टोलीलाई राहत वितरण, पुनर्निर्माण लगायतका अभिलेख उपलब्ध गराउनु सम्बन्धित कार्यान्वयन निकायको दायित्व हुनेछ ।

### ५.५. समस्या समाधान

अनुगमन टोलीले अनुगमनका क्रममा देखिएका समस्याहरुका सम्बन्धमा निम्न बमोजिम गर्न सक्नेछ ।

- स्थानीय स्तरमा छलफल/अन्तरक्रियाबाट समाधान गर्न सकिने समस्याहरुका सम्बन्धमा आफ्नै उपस्थितिमा छलफल गराई वा सम्बन्धित निकायलाई छलफलका लागि प्रोत्साहित गरी समस्या समाधान गर्न स्थलगत रुपमै पहल गर्ने ।
- आफ्नो अधिकार क्षेत्रभित्र रहेका विषयहरुमा सम्बन्धित पदाधिकारी वा निकायलाई लिखित निर्देशन दिई सुधार गर्न लगाउने ।
- आफ्नो अधिकार क्षेत्रभन्दा बाहिरका विषयमा मन्त्रालयको सम्बन्धित संयन्त्रमा जानकारी गराई समस्या समाधानका लागि पहल गर्ने ।
- समस्या समाधानका लागि गरिएका प्रयास अनुरुप कार्य भए/नभएको बारे सम्बन्धित निकायमा ताकेता (follow up) गर्ने ।
- अघिल्लो पटक अनुगमन टोलीले दिएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन गरी नभएको पाइएमा सोको कारण पत्ता लगाई कार्यान्वयन गराउने ।

## ५.६. प्रतिवेदन

वार्षिक कार्ययोजना अनुसार गरिने अनुगमनपश्चात् देहाय बमोजिमका अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(क) पटके अनुगमन प्रतिवेदन

- अनुगमन टोलीले प्रत्येकपटक स्थलगत रुपमा अनुगमन गरेपछि अनुसूची- ८ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेछ ।
- उक्त अनुगमन प्रतिवेदनको एक प्रति प्रशासन, योजना तथा वै.स.स. महाशाखामा उपलब्ध गराउनु पर्नेछ ।

ख) वार्षिक अनुगमन प्रतिवेदन

- प्रत्येक विकास क्षेत्रको वार्षिक अनुगमन प्रतिवेदन आर्थिक वर्षको अन्तसम्ममा तयार गर्नुपर्नेछ । यसका लागि सम्बन्धित विकास क्षेत्रको क्षेत्रिय अनुगमन टोली जिम्मेवार हुनेछ ।
- पाँचवटै विकास क्षेत्रबाट प्राप्त अनुगमन प्रतिवेदनहरुको संश्लेषण गरी प्रशासन, योजना तथा वै.स.स. महाशाखाले श्रावण महिनाको अन्तिम साताभित्र एकमुष्ट वार्षिक अनुगमन प्रतिवेदन तयार गर्नेछ ।

## ५.७ समीक्षा :

मन्त्रालयमा हुने मासिक, चौमासिक एवं वार्षिक समीक्षा कार्यक्रममा अनुगमन प्रतिवेदन सम्बन्धमा पनि समीक्षा गरी तत्काल सुधारको आवश्यकता देखिएमा निर्देशन जारी गरिनेछ ।

## अनुसूची १ : राहत तथा क्षतिपूर्ति वितरण सम्बन्धी अनुगमन चेक्लिष्ट्

१. अनुगमन गरेको जिल्ला :

२. अनुगमन गरेको कार्यालय/संस्थाको नाम, ठेगाना :

३. राहत सम्बन्धी विषय हेर्ने स्थानीय पदाधिकारी :

४. प्रगति विवरण :

| क.सं. | क्रियाकलाप/काम कारवाहीको विवरण | हालसम्म लाभान्वित संख्या | वितरित राहत रकम रु. | राहत प्राप्त गर्न बाँकी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | मृतकका हकदारलाई रु.१ लाख आर्थिक सहायता | | | | |
| २. | मृतक, वेपत्ता पारिएका, अपाङ्ग (५०+प्रतिशत) का सन्ततिलाई वितरण | | | | |
| ३. | व्याक्तिगत सम्पत्ति क्षति वापत आर्थिक सहायता | | | | |
| ४. | अपहरणमा परेका व्यक्तिलाई रु.२५ हजारका दरले प्रदान गरिने आर्थिक सहायता | | | | |
| ५. | वेपत्ता पारिएका व्यक्तिका परिवारलाई रु.१ लाखका दरले प्रदान गरिने आर्थिक सहायता | | | | |
| ६. | अपाङ्गहरुलाई (प्रतिशतको आधारमा) आर्थिक सहायता | | | | |
| ७. | जनआन्दोलनका शहीद परिवारलाई मासिक जीवन निर्वाह भत्ता | | | | |
| ८. | जनआन्दोलनका घाइतेलाई मासिक जीवन निर्वाह भत्ता | | | | |
| ९. | जनआन्दोलनका घाइते विद्यार्थी/घाइतेका सन्ततिलाई घात्रवृत्ति | | | | |
| १०. | आन्तरिक रुपमा विस्थापित व्यक्तिलाई पुनस्थापन कार्यक्रम | | | | |
| ११. | द्वन्द्वकालमा मृत्यु भएका सर्वसाधारणका बिधवालाई एकमुष्ठ रु. २५ हजारका दरले प्रदान गर्ने आर्थिक सहायता | | | | |
| १२. | टुहुरा बालबालिका सहायता कार्यक्रम | | | | |
| १३. | विविध | | | | |

५. कार्यक्रम कार्यान्वयनका सवल पक्षहरु

६. कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका मुख्य समस्या र चुनौतिहरु :

७. समस्या समाधानका लागि भएका प्रयासहरु :

८. सम्बन्धित कार्यालयको सुझाब तथा प्रतिक्रिया :

९. समस्या समाधानका लागि अनुगमनकर्ताका सुझाबहरु :

**अनुगमनकर्ताको**

नाम, थर :

पद :

दस्तखत :



मिति :

## अनुसूची २ : भौतिक पूर्वाधार पुनर्निर्माण सम्बन्धी अनुगमन चेक्लिष्ट्

### *खण्ड (क) : जिल्ला तहमा भर्नुपर्ने विवरण*
*(जिल्लास्थित कार्यान्वयन निकायबाट सूचना लिई भर्नुपर्ने)*

**१. जिल्ला प्राविधिक कार्यालयबाट संचालित आयोजनाहरु**

१.१. चालु आ.व. २०६७/०६८ को कूल आयोजना संख्या : ..................... गोटा

- क्रमागत आयोजना : ......... गोटा
- नयाँ आयोजना : ......... गोटा

१.२. निर्माण कार्य शुरु भइसकेका आयोजना संख्या : ......... गोटा

१.३. सम्पन्न भएका आयोजना संख्या : ......... गोटा

१.४. कूल खर्च

- चालु खर्च : रु. ...............
- पूँजीगत खर्च : रु. ............

**२. जिविसबाट संचालित आयोजनाहरु**

२.१. चालु आ.व. २०६७/०६८ को आयोजना संख्या : ..................... गोटा

- क्रमागत आयोजना : ......... गोटा
- नयाँ आयोजना : ......... गोटा

२.२. निर्माण कार्य शुरु भइसकेका आयोजना संख्या : ........ गोटा

२.३. सम्पन्न भएका आयोजना संख्या : .............. गोटा

२.४. कूल खर्च

- चालु खर्च : रु. ...............
- पूँजीगत खर्च : रु. ............

**३. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयबाट संचालित आयोजनाहरु**

३.१. चालु आ.व. २०६७/०६८ को कूल आयोजना संख्या : ..................... गोटा

- क्रमागत आयोजना : ......... गोटा
- नयाँ आयोजना : ......... गोटा

३.२. निर्माण कार्य शुरु भइसकेका आयोजना संख्या : ........ गोटा

३.३. सम्पन्न भएका आयोजना संख्या : .............. गोटा

३.४. कूल खर्च

- चालु खर्च : रु. ...............
- पूँजीगत खर्च : रु. ............

## *खण्ड (ख) : स्थलगत निरीक्षण गरिएका आयोजनाहरुको विवरण*

१. आयोजनाको नाम :

२. कार्यान्वयन निकाय :

३. आयोजना संचालन भएको जिल्ला :

४. आयोजना संचालन भएको गा.वि.स./न.पा. :

५. कार्यान्वयन पद्धति : उपभोक्ता समिति/निर्माण व्यवसायी/अमानत

६. आयोजनाको लागत :

 ६.१. अनुमानित लागत : रु............

 ६.२. सम्झौता रकम : रु...........

७. उपभोक्ता समिति मार्फत संचालन भएको भए उक्त समितिले व्यहोर्ने रकम : रु....

८. कार्य शुरु भएको मिति (सम्झौता बमोजिम) :

९. कार्य सम्पन्न गर्नुपर्ने मिति (सम्झौता बमोजिम) :

१०. स्थलगत निरीक्षण गर्दाको अवधिसम्मको भौतिक प्रगति : (सम्पन्न भएका मुख्यमुख्य कार्यहरु उल्लेख गर्ने)

११. स्थलगत निरीक्षण गर्दाको अवधिसम्मको वित्तिय प्रगति :

 ११.१ हालसम्मको भुक्तानी रकम : रु.........

 ११.२ आगामी आ.व.मा क्रमागत रहने वा नरहने :

 ११.३ यदि क्रमागत रहने भए आगामी आ.व. मा आवश्यक पर्ने रकम : रु.

१२. निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर :

 १२.१ प्रयोग गरिएका सामग्रीको गुणस्तर सन्तोषजनक भएको वा नभएको :

 १२.२ निर्माण कार्यको गुणस्तर सन्तोषजनक भएको वा नभएको :

 १२.३ निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्ने गरेको वा नगरेको :

१३. सुपरिवेक्षण

 १३.१ आयोजनाको साइट इन्चार्ज तोकिएको छ वा छैन :

 १३.२ आयोजना निरीक्षणका बखत साइट इन्चार्ज उपस्थित भएको वा नभएको :

 १३.३ पारदर्शिताका लागि निर्माण स्थलमा होर्डिङ्ग बोर्डको व्यवस्था भएको वा नभएको :

१४. नमूना लायक असल अभ्यासहरु रहेछन् भने उल्लेख गर्ने :

१५. समस्याहरु रहेछन् भने उल्लेख गर्ने :

१६. समस्या समाधानका लागि तत्काल निर्देशन दिएको भए उल्लेख गर्ने :

१७. समस्या समाधानका लागि अनुगमनकर्ताबाट थप सुझावहरु भए उल्लेख गर्ने :

**अनुगमनकर्ताको**

नाम, थर :

पद :

दस्तखत :

मितिः

## अनुसूची ३ : स्थानीय शान्ति समिति सम्बन्धी अनुगमन चेक्लिष्ट्

१. स्थानीय शान्ति समिति गठन भएको मिति :
२. स्थानीय शान्ति समितिका पदाधिकारीको संख्या :
   क) महिला :
   ख) पुरुष :
   ग) जम्मा :
३. पछिल्लो पटक स्थानीय शान्ति समितिको बैठक भएको मिति :
४. स्थानीय शान्ति समितिका पदाधिकारीलाई Orientation भए/नभएको :

५. गाउँस्तरीय स्थानीय शान्ति समिति गठन संख्या :
६. नगरपालिकास्तरीय स्थानीय शान्ति समिति गठन संख्या :
७. स्थानीय शान्ति समिति र विषयगत कार्यालयबीच अन्तरक्रिया भएको/नभएको :

८. मध्यस्थतासम्बन्धी तालिम सञ्चालन भएको/नभएको ? भएको भए कति पटक भएको ? :

९. गै.स.स.बाट भएका शान्ति सम्बन्धी गतिविधिको समन्वय भए/नभएको :

१०. समयमा कार्यक्रम सञ्चालन भए/नभएको :

११. जिल्ला प्रशासन कार्यालयबाट रकम निकासा भए/नभएको :

१२. हालसम्म भएको खर्च रकम :

१३. समस्या भए उल्लेख गर्ने :

१४. समस्या समाधान गर्ने उपायहरु :

१५. समस्या समाधानका लागि तत्काल निर्देशन दिएको भए उल्लेख गर्ने :

१६. समस्या समाधानका लागि अनुगमनकर्ताबाट थप सुझावहरु भए उल्लेख गर्ने :

**अनुगमनकर्ताको**

नाम, थर :

पद :

दस्तखत :

मितिः

## अनुसूची ४ : शान्तिका लागि संचार अभियान सम्बन्धी अनुगमन चेक्लिष्ट्

१. अनुगमन गरेको जिल्ला :

२. अनुगमन गरेको संचार माध्यम :

३. ठेगाना :

४. सम्पर्क गरेको पदाधिकारी :

५. कार्यक्रम प्रसारित संख्या :

६. श्रोता/दर्शकको प्रतिक्रिया :

क) विषयवस्तु : समेटिएको/नसमेटिएको

ख) समयावधी : थप गर्नुपर्ने/थप गर्नुनपर्ने

ग) सम्बन्धित निकायसँग समन्वय : गरेको/नगरेको

७. स्थानीय शान्ति समितिको कार्यालयबाट अनुगमन : भएको/नभएको

८. अनुगमनकर्ताको टिप्पणी :

**अनुगमनकर्ताको**

नाम, थर :

पद :

दस्तखत :

मितिः

(नोट : कुनै जिल्लामा एकभन्दा बढी संस्थाले शान्तिका लागि संचार अभियान सम्बन्धी कार्यक्रम प्रसारण गरेका भए अनुगमनकर्ताले बेग्लाबेग्लै फाराम भरी पेश गर्नुपर्नेछ ।)

## अनुसूची ५ : शान्ति कोषबाट संचालित कार्यक्रम सम्बन्धी अनुगमन चेक्लिष्ट्

१. अनुगमन गरेको जिल्ला :

२. अनुगमन गरेको आयोजना :

३. कार्यान्वयन निकाय :

४. वित्तिय विवरण :

४.१. विनियोजित बजेट :

४.२. हालसम्मको निकासा :

४.३. हालसम्मको खर्च :

५. भौतिक प्रगति :(आयोजनाको प्रकृति अनुसार भौतिक प्रगति उल्लेख गर्ने)

६. कार्यान्वयनका क्रममा देखिएका मुख्य समस्या र चुनौतीहरु :

७. समस्या समाधानका लागि भएका प्रयासहरु :

८. सम्बन्धित कार्यालयको सुझाव तथा प्रतिक्रिया :

९. समस्या समाधानका लागि अनुगमनकर्ताका सुझावहरु :

**अनुगमनकर्ताको**

नाम, थर :

पद :

दस्तखत :

मितिः

(अनुगमन गरिएको प्रत्येक आयोजनाको छुट्टाछुट्टै विवरण भर्नुपर्नेछ ।)

## अनुसूची ६ :  बारुदी सुरुङ् व्यवस्थापन सम्बन्धी अनुगमन चेक्लिष्ट्

१. अनुगमन गरेको जिल्ला :
२. अनुगमन गरेको कार्यालय/संस्थाहरुको नाम, ठेगाना :
३. माइन जोखिम शिक्षासम्बन्धी कार्यक्रम कार्यान्वयन संलग्न सरकारी कार्यालय/निकाय :
४. माइन जोखिम शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयनमा संलग्न संघसंस्था (सो जिल्लामा जोखिम शिक्षा कार्यक्रम संचालन गरि रहेका अन्य संघसंस्थाबारे स्थानीय शान्ति समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय वा गैरसरकारी संस्थाहरुको जिल्लास्तरीय संयन्त्र वा सम्बन्धित संघसंस्थाबाट जानकारी प्राप्त भएमा त्यस्ता संघसंस्थाको नाम उल्लेख गर्ने) :

५. प्रगति विवरण

| क.सं. | कार्यक्रम कार्यान्वयन निकाय | जोखिम शिक्षा दिइएका समुदाय/विद्यालयको संख्या | जोखिम शिक्षा प्राप्त गर्ने व्यक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|
| क. | स्थानीय शान्ति समिति | | | |
| ख. | जिल्ला शिक्षा कार्यालय | | | |
| ग. | अन्य संघसंस्था (उपलब्ध भएसम्म संस्थाको नाम र प्रगति उल्लेख गर्ने)<br>क.<br>ख.<br>ग. | | | |

६. कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका मुख्य समस्या र चुनौती :

७. समस्या समाधानका लागि भएका प्रयास :

८. सम्बन्धित कार्यालयको सुझाव तथा प्रतिक्रिया :

९. समस्या समाधानका लागि अनुगमनकर्ताका सुझाव :

**अनुगमनकर्ताको**

नाम, थर :

पद :

दस्तखत :

मितिः

**द्रष्टव्य :**
मन्त्रालयको "बारुदी सुरुङ क्रियाकलाप सुदृढीकरण परियोजना" अन्तर्गत बारुदी सुरुङ तथा अन्य विष्फोटक पदार्थको जोखिममा रहेका जिल्ला छनौट गरी ती जिल्लाका जोखिममा रहेका समुदाय र विद्यालयहरुमा माइन जोखिम शिक्षा दिने कार्यक्रम रहेको हुँदा सो कार्यक्रम संचालन भएका जिल्लामा यो फारम प्रयोग हुनेछ ।

मन्त्रालयको कार्यक्रम बाहेक नेपाल रेडक्रस सोसाइटी र विभिन्न गैससहरुले पनि विभिन्न जिल्लामा माइन जोखिम शिक्षा कार्यक्रम संचालन गर्ने गरेका हुँदा जानकारी प्राप्त भएसम्म त्यस्ता संस्थाहरुबाट पनि जानकारी लिई यस फाराममा समावेश गर्न सकेमा उपयोगी हुने हुँदा यथाशक्य अन्य संघसंस्थाहको प्रगति, समस्या र प्रतिक्रिया एवं सुझाव पनि समावेश गर्ने ।

## अनुसूची ७ : क्षेत्रिय वार्षिक अनुगमन कार्ययोजना तयार गर्ने ढाँचा

**विकास क्षेत्र :**

| क.सं. | अञ्चल | जिल्ला | अनुगमन गर्ने अवधि | | | अनुमानित लागत (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | द्धितिय चौमासिक | तृतिय चौमासिक | | |
| १ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| २ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| ३ | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अनुसूची ८ : पटके अनुगमन प्रतिवेदन तयार गर्ने ढाँचा

१. अनुगमन गरेको जिल्ला :

२. अनुगमन अवधि .................. देखि .................. सम्म (............. दिन)

३. अनुगमन गर्ने पदाधिकारीको नामावली :

३.१.

३.२.

३.३.

३.४.

४. अपनाइएको अनुगमन विधि :

क) जिल्लास्तरीय अन्तरक्रिया गरेको भए सोको मिति, स्थान, सहभागिताको प्रकार एवं संख्या र उठेका मुद्दाहरुका विषयमा खुलाई संक्षिप्त विवरण दिने ।

ख) स्थलगत निरीक्षण गरेको भए निरीक्षण गरिएका आयोजनाहरुको नाम उल्लेख गर्ने ।

ग) लाभग्राहीहरुसँग अन्तरक्रिया गरेको भए सोको मिति, स्थान, सहभागीको प्रकार एवं संख्या र उठेका मुद्दाहरुका विषयमा खुलाई संक्षिप्त विवरण दिने ।

घ) अभिलेख अध्ययन गरेको भए अध्ययन गरिएका अभिलेखहरुबारे संक्षिप्त विवरण दिने ।

५. प्रगतिको अवस्था :

कार्य पद्धतिको बुँदा ४ मा उल्लेखित कार्यक्रम/आयोजनाका सम्बन्धमा बुँदागत रुपमा वित्तिय एवं भौतिक प्रगति उल्लेख गर्ने ।

६. नमूना लायक असल अभ्यास :

कार्य पद्धतिको बूँदा ४ मा उल्लेखित कार्यक्रम/आयोजनाका सम्बन्धमा अनुगमनबाट देखिएका असल अभ्यासका बारेमा बूँदागत रुपमा उल्लेख गर्ने ।

७. समस्याहरु :

अनुगमनबाट देखिएका समस्याहरुका बारेमा बुँदागत रुपमा उल्लेख गर्ने ।

८. समाधानका उपायहरु :

समस्या समाधानका लागि अनुगमनकै क्रममा गरिएका पहल वा दिइएका निर्देशन र भविष्यमा चाल्नुपर्ने कदमबारे बुँदागत रुपमा उल्लेख गर्ने ।

९. अनुसूचीहरु

कार्यपद्धतिमा उल्लेखित अनुसूची- १ देखि अनुसूची- ६ सम्मका ढाँचामा लिइएका अनुगमन विवरण समावेश गर्ने । साथै थप अनुसूचीका रुपमा अन्तरक्रिया कार्यक्रममा सहभागी हुने व्यक्तिहरुको नामावली, सम्पर्क गरिएका संस्था/व्यक्तिको नामावली र सान्दर्भिक फोटो राख्ने ।

(पुर्वाधार पुननिर्माण महाशाखा)

मिति : २०६७१९।२०

श्री प्रशासन, योजना तथा वै.स.स. महाशाखा
सिंहदरबार ।

**विषय : शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमहरुको केन्द्रिय अनुगमन कार्यपद्धति सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस महाशाखाबाट मन्त्रालयका विभिन्न महाशाखा/परियोजना/इकाइबाट प्राप्त सुझाव समेतलाई आधार मानी तयार गरिएको शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत संचालित कार्यक्रमहरुको केन्द्रिय अनुगमन कार्यपद्धति आवश्यक कारवाहीको लागि संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ । साथै अनुगमनका लागि प्रस्तावित क्षेत्रिय अनुगमन टोलीका पदाधिकारीहरुको विवरण समेत संलग्न राखी पठाएको छु ।

.......................
(दीपेन्द्रनाथ शर्मा)
सह-सचिव